**कार्यपालिका बैठक सख्या- १०** मितिः- २०८१।१०।२९

# निर्णयहरु

**निर्णय नं.१-** मिति २०८१।१०।२३ गतेको बैठक नं.९ का निर्णयहरु उपर समिक्षा तथा छलफल गरियो ।

**निर्णय नं.२-** USAID NEPAL को January 25,2025 गतेको प्राप्त पत्र अनुसार USAID को सहयोगमा यस विजयनगर गाउँपालिकामा संचालन रहेको (कृषि कार्यक्रम) जि टु जि अन्तर्गत करार सेवामा भर्ना भएका कर्मचारीहरुलाई २०८१।११।०१ गते देखी लागु हुने गरी सम्झौता रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३-** यस विजयनगर गाउँपालिका वडा नं ४ शंकरपुरमा अवस्थित, आर्थिक, धार्मिक , वातावरणीय एवम् पर्यटकीय महत्व बोकेको शंकरपुर तालको पुनं निर्माणको लागि आ.२०८१/०८२ देखी कार्यान्वयन हुने गरी संघिय सरकारबाट शंकरपुर ताल एकिकृत सिचाई तथा जलस्रोत संरक्षण परियोजना स्विकृत भई ठेक्का लागी निर्माण व्यवशायी निर्माण स्थलमा आई कार्य प्राम्भ गर्दा अवरोध सिर्जना भई काम ठप्प भएकाले सो निर्माण कार्यलाई निर्वाध रुपमा संचालनका लागि आवश्यक सहजिकरण गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय देउखुरी दाङ्गमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ४-** स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालनको लागी आ.व ०८२/८३ को योजना छनौट, तर्जुमा र कार्यान्वयन,अनुगमन,मुल्याङ्कन लगायतका कुराहरुलाई व्यवस्थित बनाउन देहाय बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने । आ.व ०८१/०८२ को लागी निम्न योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिलः-

- **कार्यविधिहरुः-**

१- अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०८१,

२- गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि २०८१,

३- मर्मत संभार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१,

४- संक्षिप्त वातावरणिय अध्यन तथा प्राम्भारिक वातावरणीय कार्यविधि २०८१,

५- स्थानिय पूर्वाधार विकास निर्देशिका २०८१,

६- स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन, तथा व्यवस्थापन कार्यविधि २०८१,

- **योजनाहरुः-**

१- खडैचा खजानी आर टि ओ देखि छुटपाटी सम्म सडक कालोपत्रे वडा नं. ६ ।

२- ढोडरी, वडसडवा वडा नं ५ हुलाकी सडक सम्म कालोपत्रे ।

**निर्णय नं.५-** ठाकुरापुर सव डिभिजन वन कार्यालय, कपिलवस्तुको च.नं.२०९ मिति २०८१।१०।१५ गतेको पत्रबाट लगत साझेदारीमा नर्सरी निर्माण तथा सञ्चालन कार्यक्रमका लागि लेखि आएको हुँदा यस विजयनगर गाउँपालिकाको वार्षिक नीति,कार्यक्रम तथा बजेट किताबको क्र.सं.८४ शिर्षक नं.३११३२ विभिन्न साझेदारीवापतको रकम शिर्षकबाट रु.२,००,०००।– (दुई लाख रुपैयाँ) विनियोजन गरी उक्त कार्यक्रममा साझेदारी गर्ने निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ग) बमोजिम कार्यपालिका बैठक नं. १० को निर्णय प्रमाणित गर्दछु
शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८१।०८२